# कालिका मानवज्ञान मा वि, बुटवल १०, रुपन्देहीको शिक्षक कर्मचारी कार्यसम्पादन मूल्याङ्कन एवम् पुरस्कार व्यवस्थापन कार्यविधि-२०८१

स्वीकृत मिति: २०८१/०९/०२

विद्यालय व्यवस्थापन समितिको वि.स.२०८१/०८/०३ को बैठकले दिएको अधिकार प्रयोग गरी विद्यालयमा अध्यापनरत शिक्षक कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन एवं पुरस्कृत गर्ने कार्यलाई व्यवस्थित एवं बैज्ञानिक बनाउन बान्छनिय भएकोले उक्त कार्यको लागि गठित एक मूल्याङ्कन समितिले यो कार्यबिधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम शिक्षकको कार्यसम्पादन मूल्याङ्कन एवम् पुरस्कार व्यावस्थापन कार्यविधि-२०८१ रहेको छ ।

(२) यो कार्यविधि मूल्याङ्कन तथा सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) विद्यालय भन्नाले कालिका मानवज्ञान माध्यमिक विद्यालय, बुटवल-१०, रुपन्देही सेक्टर-१ र सेक्टर-२ सम्झनुपर्दछ ।

ख) शिक्षक भन्नाले विद्यालयमा अध्यापनरत जुनसुकै तहको अध्यापक सम्झनुपर्दछ ।

ग) प्र.अ. भन्नाले शिक्षा ऐन, नियमावली अनुसार विद्यालयमा नियुक्ति भएका प्रध्यानाध्यापक सम्झनुपर्दछ ।

घ) स.प्र.अ.भन्नाले प्रशासनिक एवम् शैक्षिक कार्यमा सहयोग पुर्‍याउन विद्यालय व्यवस्थापन समितिद्वारा नियुक्त सहायक प्रध्यानाध्यापक सम्झनु पर्दछ ।

ङ) इन्चार्ज भन्नाले विद्यालय प्रशासनले आफ्नो शैक्षिक काम कार्वाही सूचारु गर्नको लागि नियुक्त गरेको विभिन्न तह र कक्षाका शैक्षिक इन्चार्ज सम्झनु पर्छ । साथै सो शब्दले शिक्षण कार्य बाहेक अन्य जिम्मेवारीका इन्चार्ज एवम् संयोजक समेत जनाउनेछ ।

च) विद्यालय कर्मचारी भन्नाले शिक्षण बाहेक अन्य कार्यको लागि नियुक्त विद्यालय कर्मचारी सम्झनुपर्दछ ।

**३. विद्यालयले वितरण गर्ने पुरस्कार सम्बन्धि व्यवस्थाः**

(१) विद्यालयले प्रत्येक वर्ष शिक्षंक, कर्मचारीको प्रोत्साहनको लागि शिक्षंक कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा उत्कृष्ट हुने शिक्षक कर्मचारीहरुलाई पुरस्कारको व्यवस्था गर्नेछ ।

(२) उपदफा १ बमोजिमको पुरस्कारको व्यवस्था यसै कार्यविधि बमोजिम हुनेछ ।

**४.मूल्याङ्कनका आधारहरुः** (१) शिक्षक कर्मचारीहरुको मूल्याङ्कनका एवं पुरस्कार सिफारिस लागि निम्न आधारहरु अवलम्बन गरिनेछः

| | |
|---|---|
| (क) शैक्षिक उपलब्धि | ६० अंक |
| (ख) विद्यालय प्रशासनको मूल्याङ्कन | |
| (अ) प्रधानाध्यापकको मूल्याङ्कन | १५ अंक |
| (आ) इन्चार्जको मूल्याङ्कन | ५ अंक |
| (ग) कार्यमूलक अनुसन्धान | ५ अंक |
| (घ) सेवा (अनुभव) | १० अंक |
| (ङ) विशेष जिम्मेवारी वहन | ५ अंक |

(२) सेवा अवधि बापतको अङ्क प्रदान गर्दा यस विद्यालयमा नियुक्त/सरुवा भई कार्यगर्न शुरु गरे पश्चात प्रत्येक वर्षको ०.६२५ अंकको दरले बढीमा १० अङ्क प्रदान गरिनेछ ।

(३) शैक्षिक उपलब्धि बापतको अंक गणना गर्दा शिक्षकले अध्यापन गर्ने विषयहरुको औषत अंकलाई आधार मानिनेछ । उक्त अंक शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख गरेको अंक हुनेछ ।

(४) विद्यालय प्रशासनले दिने अंक शिक्षकले विद्यालयमा गरिने क्रियाकलापमा देखाउने सक्रियता, कार्यप्रतिको लगाव, नियमितता, पेशाप्रतिको उत्तरदायीत्व जस्ता आधारहरुमा गरिनेछ ।

(५) इन्वार्जले प्रदान गर्ने अंक अनुसुचि-१ बमोजिमको आधारहरु प्रयोग गरिनेछ ।

(६) उपदफा ४-१घ. बमोजिम अंक प्रदान गर्दा शिक्षकले भरेको कार्यसम्पादन मूल्याङकन फाराममा समावेश गरेको कार्यमूलक अनुसन्धानको आधारमा गरिनेछ । तर, कार्यसम्पादन मूल्याङ्कन फाराम नभर्ने र कार्यमूलक अनुसन्धान पेश नगर्ने शिक्षकलाई यस उपदफाको अंक प्रदान गरिने छैन ।

(७) विशेष जिम्मेवारी भन्नाले शिक्षकलाई विद्यालय प्रशासनले दिएको अध्यापन बाहेकको जिम्मेवारी हुनेछ । उक्त जिम्मेवारीमा इन्चार्ज, अतिरिक्त क्रियाकलाप, वर्ग/कक्षा शिक्षक, विभागिय प्रमुख, परीक्षा संयोजक, खेलकुद संयोजक, विद्यार्थी अनुशासन तथा परामर्श, नवर्पवतन तथा अनुसन्धान लगायतका विशेष जिम्मेवारीलाई मानिनेछ ।

५. **वर्ष शिक्षक सम्बन्धि व्यवस्था:** दफा-४ बमोजिमको मूल्याङ्कनबाट सबैभन्दा बढी अंक ल्याउने शिक्षकहरु मध्येबाट वर्ष शिक्षकको रुपमा पुरस्कारको लागि सिफारिस गरिनेछ ।

६. **इसिडी देखि कक्षा ३ सम्म अध्यापन गर्ने शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन:** (१) इसिडी देखि कक्षा ३ सम्म अध्यापन गर्ने शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्दा अनुसुचि-२ बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराममा भएका आधारहरुको माध्यमबाट गरिनेछ ।

७. **पुरस्कारको लागि सिफारिस गरिने:** (१) शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गरि पुरस्कारको लागि सिफारिस गर्दा निम्नानुसार गरिनेछ ।

(क) कुल अंकमा न्यूनतम ८० अंक प्राप्त गर्ने शिक्षक ।

(ख) इसिडी देखि ३ कक्षा सम्म अध्यापन गर्ने शिक्षकको हकमा इन्चार्ज र विद्यालय प्रशासन ले गरेको मूल्याङ्कनका आधारमा न्यूनतम ८० अंक प्राप्त गर्ने शिक्षक ।

(ग) कर्मचारीको हकमा सम्बन्धित इन्चार्ज र वि प्र को सिफारिसमा तोकिएको सङ्ख्यामा पुरस्कारको लागि सिफारिस गरिनेछ ।

७.२ विद्यालय प्रशासनले पुरस्कृत हुने शिक्षक र कर्मचारीको संख्या तोक्न सक्नेछ ।

८. **पुरस्कारको लागि सिफारिस नगरिने:** (१) देहाएका अवस्थामा शिक्षक कर्मचारीहरुलाई पुरस्कारको लागि सिफरिस गरिने छैन:

(क) दफा ७ को उपदफा १ बमोजिमको अंक प्राप्त नगर्ने शिक्षक एवम् कर्मचारी ।

(ख) विद्यालयको मान, मर्यादा, व्यवस्था तथा नियममा आँच पुऱ्याउने कुनै क्रियाकलापमा संलग्न शिक्षक एवम् कर्मचारी ।

(ग) आफ्नो पदीय एवं संस्थागत जिम्मेवारी पूरा नगर्ने शिक्षक एवम् कर्मचारी

घ) कम्तिमा ३ शैक्षिक वर्ष पुरा नगरेको शिक्षक र कर्मचारी ।

९. **कार्यविधि शंसोधन** :यस कार्यविधिको दफा ४ देखि ८ सम्म सम्म का कार्यविधिहरु मूल्याङ्कन अवधि शुरु हुनु भन्दा अगावै मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यक संसोधन गरी व्यवस्थित गर्न सक्नेछ ।

अनुसुचि १

दफा ४ को उपदफा ५ सगँ सम्बन्धित

सम्बन्धित इन्चार्जहरुले शिक्षक मूल्याङ्कनका लागि अंक प्रदान गरिने आधारहरु

| सि.न. | शिक्षकको नाम | विषय बस्तुको ज्ञान (४) | पेशा प्रतिको लगनशीलता (३) | गुणस्तरप्रतिको उत्तरदायित्व (३) | कक्षा तथा अन्य समय पालन (३) | अतिरिक्त क्रियाकलापमा सक्रियता (३) | परियोजना कार्य/प्रयोगात्मक कार्य /शैक्षिक सामाग्री प्रयोग (४) | जम्मा (२० .) |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

अनुसुचि २

दफा ४ को उपदफा ६ सगँ सम्बन्धित

**(कालिका मानवज्ञान माध्यमिक विद्यालयको आन्तरिक बढुवा सम्बन्धि)**

**विद्यालय श्रोत शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम**

**कासमु पेश गरेको विद्यालयः** ..............................................................................................

**फाराम दर्ता नं.:** .......................... **दर्ता मितिः** २०..../.../...

**शिक्षकको नाम थरः**.......................................................................... **शिक्षक संकेत नं.:**.................

**शिक्षकको नियुक्ति मितिः** २०..../.../... **तहः** ................. **श्रेणीः** ................

**बढुवा मितिः** २०....../....../.......

**मूल्याङ्कन अवधिः** २०..../.../... **देखि** २०..../.../... **सम्म**

**खण्ड क (अंक ५)**

**१.अध्यापन गरेको सम्बन्धि विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि**

(क) अध्ययन गरेको तह/कक्षाः .............................. विषयः.........................

आधार लिइएको परीक्षाः ........................ उपलब्धिस्तरः ................ शिक्षकले प्राप्त गरेको अङ्कः ..........

आफुले अध्यापन गरेको विद्यार्थीले प्राप्त गरेको परीक्षाफल अनुसार गणना भएको छ भनी दस्तखत गर्ने

सम्बन्धित शिक्षकको दस्तखतः ............................... मितिः २०....../....../......

**खण्ड ख (अंक ३)**

**२. शिक्षण कार्यसँग सम्बन्धि अनुसन्धानको विवरणः**

(क) अनुसन्धान गरिएको विषयवस्तुको शीर्षकः ..........................................................................

(ख) अनुसन्धानबाट प्राप्त निष्कर्षको संक्षिप्त व्यहोराः ..........................................................................

(ग) शिक्षकले प्राप्त गरेको अङ्कः.............................

**खण्ड ग (अंक २)**

**३. विशेष जिम्मेवारी विवरणः**

(क) विषेश जिम्मेवारी पाएको पद विवरणः ..........................................................................

(ख) विशेष जिम्मेवारी पाएको अवधिः २०..../.../... देखि २०..../.../... सम्म

(ग) अन्यः ................................ : (............................देखि ......................................सम्म)

**सिफारिस गर्ने**

दस्तखतः

नाम थरः

पदः

मितिः २०..../.../...

**प्रमाणित गर्ने**

दस्तखतः

नाम थरः

पदः

मितिः २०..../.../...

**खण्ड घ (अंक ४०)**

**४. कार्य सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिको मूल्याङ्कन**

| क्र.स. | मूल्याङ्कनका आधार | सुपरीवेक्षकको मूल्याङ्कनबाट प्राप्त अङ्क (३२) | | | | पुनरावलोकन समितिको मूल्याङ्कनबाट प्राप्त अङ्क (८) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अतिउत्तम ४ | उत्तम ३ | सामान्य २ | न्युन १ | अतिउत्तम १ | उत्तम ०.७५ | सामान्य ०.५० | न्युन ०.२५ |
| १ | विषयवस्तुको ज्ञान | | | | | | | | |
| २ | पेशाप्रतिको लगनशीलता र पालना | | | | | | | | |
| ३ | विद्यालयको शैक्षिक गुणस्तर प्रति देखाउने उत्तरदायित्व तथा जिम्मेवारी वोध | | | | | | | | |
| ४ | अध्यापन विधि तथा प्रविधिको प्रयोग | | | | | | | | |
| ५ | विद्यालय समय तथा कक्षाकोठा समयको पालना | | | | | | | | |
| ६ | अतिरिक्त क्रियाकलाप प्रति सक्रियता तथा संलग्नता | | | | | | | | |
| ७ | शैक्षिक सामग्री संकलन, निर्माण तथा प्रयोगको अवश्था | | | | | | | | |
| ८ | विद्यार्थीको प्रगति अद्यावधिक राख्ने तथा अभिभावकहरुलाई जानकारी गराउने | | | | | | | | |
| | प्रत्येक महलको जम्मा | | | | | | | | |
| | जम्मा अङ्कः ............... अक्षरमाः........................... | | | | | जम्मा अङ्कः ...... अक्षरमाः.......................... | | | |
| | सुपरीवेक्षक र पुनरावलोकन समितिले दिएको अङ्क जोड्दा हुन आउने कुल अङ्क : | | | | | | | | |

| कैफियतः | |
|---|---|
| सुपरीवेक्षक<br><br>नाम थरः ........................................................<br>पदः ..............................................................<br>दस्तखतः .......................................................<br>मितिः २०..../.../... | पुनरावलोकन समिति<br>१) नाम थरः ........................................................<br>पदः........................ दस्तखतः................................<br>मितिः २०......../......../........<br><br>२) नाम थरः ........................................................<br>पदः........................ दस्तखतः................................<br>मितिः २०..../.../... |

............................
पिताम्बर बञ्जाडे
संयोजक

............................
नरेन्द्र पौड्ेल
सदस्य

............................
कृष्ण प्रसाद गौतम
सदस्य

............................
दिपक बञ्जाडे
सदस्य

............................
कृष्ण प्रसाद अधिकारी
सदस्य

............................
नितु राना
सदस्य

............................
ईवराज तिवारी
सदस्य